नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्व विभाग

बोलपत्र/ शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. ०२।२०८३।८४

प्रकाशित मिति : २०८३।०८।११

१. चालु आ.व. २०८३।८४, पुरातत्व विभागको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु बोलपत्रबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यावसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको छ।

२. बोलपत्र ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले देहायका कागजातहरु पेश गर्नु पर्नेछ :
(क) फर्म, संस्था वा कम्पनी दर्ताको नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि। (ख) मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि।
(ग) आ.व. २०८२।८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि। (घ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति।

३. उल्लेखित प्रमाणहरु सहितको बोलपत्र तोकिएको समयभित्र यस विभागमा पेश गर्नुपर्नेछ। प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति तल उल्लेख भए अनुसार हुनेछ।

४. विल अफ क्वाण्टिटीटिजमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. बोलपत्रदाताको कागजातको मान्य अवधी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा ९० दिनको हुनेछ। बोलपत्रदाताले तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा मान्यता प्राप्त वाणिज्य बैंक तथा वीत्तिय संस्थाबाट यस विभागको नाममा जारी गरेको बोलपत्रको कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेण्टी (वीडवण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। नगद जमानतको लागि ने.रा.बैंक, थापाथलीस्थित को.ले.नि.का., थापाथलीको एकल कोष धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२५०२३५०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

६. **e-bidding सम्बन्धमा निम्नानुसार हुनेछ :-**

क. e-bidding गर्ने बोलपत्रदाताहरुले यस विभागलाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उपलब्ध भएको भवन निर्माण सम्वन्धी e-bidding को अन्तरिम Portal प्रयोग गर्नु पर्नेछ। उक्त web df login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्र/दरभाउपत्रदाताहरुले निम्न दरभाउपत्रमा भाग लिन सक्नेछन्।

ख. बोलपत्र/दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal www.bolpatra.gov.np/egp, मा Scanned Copy Upload गर्नु पर्नेछ।

ग. e-submission गर्ने बोलपत्र दाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ। Upload भएका बोलपत्र सोही दिनको १ :०० बजे खोलिनेछ। Upload भएका बोलपत्रहरु सम्बन्धी कागजातहरुका सम्बन्धमा विभागले आवश्यक ठानेमा सक्कल कागजातहरु माग गर्न सक्नेछ। माग गरेका सक्कल कागजात समयमा नै पेश नगरेमा मुल्यांकनमा समावेश गरिने छैन।

घ. निर्माण व्यवसायीले e-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङकनमा समावेश गरिने छैन।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।एकल वा संयुक्त उपक्रमको रुपमा पाँचवटा सम्झौता गरी सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले निर्माण कार्यको लागि आव्हान खुला बोलपत्र प्रकियामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन ।निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौं बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले ३ दिन भित्र यस विभागलाई लिखित जानकारी गराउनु पर्नेछ।

८. बोलपत्र दाखिला गर्ने म्याद अन्तिम मितिको १२ बजेसम्म हुनेछ भने पेश हुन आएका बोलपत्रहरु सोही दिन दिनको १ :०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति तथा समयभन्दा कम्तिमा चौवीस घण्टा अगावै सिलवन्दी निवेदन दर्ता गराउनु पर्नेछ।

९. बोलपत्रदाताको योग्यताका आधारहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ।

१०. यस सूचनाको बुँदा नं. २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बोलपत्र उपर कारवाही हुने छैन।

११. बोलपत्रदाताले कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ। तर बोलपत्र मान्य अवधि र बोलपत्रको जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ।

१२. कुनै पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ। साथै बोलपत्र आव्हानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस विभागको Website र सूचना पाटीमा टाँस गरिनेछ।बोलपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनलाई बोलपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन मानिनेछ।

१३. यो सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

सि.नं.	ठेक्का नम्बर	कामको विवरण	लागत अनुमान रकम भ्याट र कन्टिजेन्सी बाहेक	बोलपत्र जमानत रकम	ई बिडिङ सुविधा	बोलपत्र अन्तिम मिति
१	DOA/NCB-20/PDRF/MASCP-083/84	ललितपुर जिल्ला गोदावरी न.पा.-4 (साविक वडिखेल गा.वि.स. वडा नं २) पिपलवोट स्थित गणेश मन्दिर संरक्षण कार्य।	१,८११,१६८.५९	४५,५००.००	छ	२०८३-०९-०३
२	DOA/NCB-21/PDRF/MASCP-083/84	गुल्मी चारपाला दरवार संरक्षण कार्य गुल्मी	५,१७८,५९७.५२	१२९,५००.००	छ	२०८३-०९-०३
३	DOA/NCB-22/PDRF/MASCP-083/84	अर्घाखाँचीस्थित अर्घा दरवार संरक्षण गर्ने	५,१७५,९०५.०४	१२९,५००.००	छ	२०८३-०९-०३
४	DOA/NCB-23/PDRF/MASCP-083/84	ललितपुर जिल्ला गोदावरी न.पा.-4 हर्रामूल स्थित गणेश मन्दिर संरक्षण कार्य।	१,८११,१६८.५९	४५,५००.००	छ	२०८३-०९-०३

५	DOA/NCB-24/PDRF/MASCP-083/84	भीममुक्तेश्वर मन्दिर संरक्षण कालीमाटी	३,६२३,३६१.४६	९०,५००.००	छ	२०८३-०९-०३
६	DOA/NCB-25/PDRF/MASCP-083/84	गसाङ्ग डोल्मा गुम्बा संरक्षण कार्य, रूवी भ्याल्ली ४-धादिङ्ग	३,४५०,१४६.७५	८६,५००.००	छ	२०८३-०९-०३
७	DOA/NCB-26/PDRF/MASCP-083/84	वाङगाङ छोइलिङ गुम्बा संरक्षण कार्य, रूवी भ्याली ५-धादिङ्ग	३,४४९,३३४.८४	८६,०००.००	छ	२०८३-०९-०३
८	DOA/NCB-27/PDRF/MASCP-083/84	टासी दर्गेलिङ गुम्बा संरक्षण कार्य, तेमाल ५-काभ्रेपलाञ्चोक	३,४५०,५३१.५७	८६,५००.००	छ	२०८३-०९-०३
९	DOA/NCB-28/PDRF/MASCP-083/84	पेमा देछालिङ्ग गुम्बा संरक्षण कार्य ,बनेपा १४, काभ्रेपलाञ्चोक।	३४५१५८९.७७	८६,५००.००	छ	२०८३-०९-०३
१०	DOA/NCB-29/PDRF/MASCP-083/84	घ्योछे पुनः निर्माण शंखरापुर न.पा.इल्लाटोल साँखु, काठमाण्डौं।	२,३२९,८३९.६६	५८,०००.००	छ	२०८३-०९-०३
११	DOA/NCB-30/PDRF/MASCP-083/84	चंखु क्यव संगैको पाटी पुनः निर्माण शंखरापुर न.पा. ६ साँखु, काठमाण्डौं	२,०७१,१००.६३	५२,०००.००	छ	२०८३-०९-०३
१२	DOA/NCB-31/PDRF/MASCP-083/84	तलेजु मन्दिर र पाटी पुनः निर्माण शंखरापुर न.पा.इपाटोल साँखु	२,०७०,५८६.४९	५२,०००.००	छ	२०८३-०९-०३
१३	DOA/NCB-32/PDRF/MASCP-083/84	साम्लिङ गवा गुम्बा (छत्रेवास) संरक्षण कार्य, नमोबुद्ध ९, काभ्रेपलाञ्चोक।	२,५८५,१८२.६१	६४,५००.००	छ	२०८३-०९-०३
१४	DOA/NCB-33/PDRF/MASCP-083/84	साम्पलिङ्ग गुम्बा संरक्षण कार्य ,मेघाङ ३, नुवाकोट।	५,१६७,३६४.७७	१२९,०००.००	छ	२०८३-०९-०३
१५	DOA/NCB-34/PDRF/MASCP-083/84	ज्याम्वल गुम्बा जीर्णोद्धार कार्य खन्यावास ३ धादिङ्ग	२,३८०,३५२.२९	५९,५००.००	छ	२०८३-०९-०३
१६	DOA/NCB-35/PDRF/MASCP-083/84	बाराहीपीठ सन्यास आश्रम तथा सत्तल संरक्षण भ.न.पा.१७ भक्तपुर	३,१०६,३८७.१८	७७,५००.००	छ	२०८३-०९-०३
१७	DOA/NCB-36/PDRF/MASCP-083/84	दाम्चाकोट भिमसेन मन्दिर परिसरको पौडेल पाटी संरक्षण गर्ने, काभ्रेपलाञ्चोक	१,८१२,००४.३१	४५,५००.००	छ	२०८३-०९-०३
१८	DOA/NCB-37/PDRF/MASCP-083/84	देवता राख्रेघर संरक्षण कार्य नाला काभ्रे	१,८१३,२५७.२९	४५,५००.००	छ	२०८३-०९-०३
१९	DOA/NCB-38/PDRF/MASCP-083/84	काभ्रेपलाञ्चोक जिल्ला नालास्थित भगवती मन्दिर संरक्षण गर्ने ।	३,२११,०५२.४०	८०,५००.००	छ	२०८३-०९-०३
२०	DOA/NCB-39/PDRF/MASCP-083/84	महालक्ष्मी मन्दिर पुनःनिर्माण बनेपा न.पा. उग्रचण्डी नाला बनेपा	२,५८९,८७१.११	६४,५००.००	छ	२०८३-०९-०३
२१	DOA/NCB-40/PDRF/MASCP-083/84	भक्तपुर दरबार स्क्वायर परिसरको राष्ट्रिय कला संग्रहालयसंग जोडिएको लाल बैठक दरबार संरक्षण गर्ने ।	१,९८२,८०९.०७	४९,५००.००	छ	२०८३-०९-०३
२२	DOA/NCB-41/PDRF/MASCP-083/84	दोर्जे छोलिङ गुम्बा संरक्षण कार्य, बिगु ५-दोलखा	३४५२१६६.७	८६,५००.००	छ	२०८३-०९-०३
२३	DOA/NCB-42/PDRF/MASCP-083/84	ऐतिहासिक ढोकेपाटी संरक्षण नमोबुघ न.पा. ७ काभ्रे	२,०७०,९१५.२६	५२,०००.००	छ	२०८३-०९-०३
२४	DOA/NCB-43/PDRF/MASCP-083/84	चुपिघाटमा रहेका सम्पदाहरुको संरक्षण तथा पुनर्निर्माण	३,१०६,८३९.७७	७७,५००.००	छ	२०८३-०९-०३
२५	DOA/NCB-44/PDRF/MASCP-083/84	भक्तपुर जिल्ला भक्तपुर न.पा.-1 स्थित चुकी अजिमाको पाटी तथा ढुङ्गेधारा संरक्षण कार्य।	२,५८८,००५.२०	६४,५००.००	छ	२०८३-०९-०३